**निर्णयहरु :**

१. मर्स्याङ्दी गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ सर्वसम्मतले पारीत गर्ने निर्णय गरियो ।

२. हेभी ईक्विपमेन्ट डिभिजन पोखराबाट प्राप्त लागत स्टीमेट र स्पेसिफिकेशनका आधारमा टेण्डर प्रक्रियाद्धारा आवश्यक पक्रिया पुरा गरि कार्यालयलाई आवश्यक पर्ने गाडी खरिद गर्ने निर्णय गरियो ।

३. गाउँपालिकाको हालको भवनको तला थप कार्य जारी रहेको र निर्माण कार्यका लागि वैशाख मसान्त सम्मको म्याद रहेकोमा हावा, हुरी तथा वर्षातका कारणले समयमा कार्य सम्पन्न गर्न असमर्थ भएको भनि निर्माण गर्ने ठेकेदारले म्याद थपका लागि निवेदन दिएकोमा उक्त कार्य सम्पन्न गर्ने अवधि १ महिना १५ दिन थप गरि २०७५ आषाढ १५ गते सम्मका लागि थप गर्ने निर्णय गरियो ।

४. गाउँपालिकाको ल्याण्ड फिल्ड साईट निर्माणको चरणमा रहेको र उक्त कार्यका लागि लागत सहभागीता जुटाउन असहज भएको र मर्स्याङ्दी गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ को दफा १८ मा लागत सहभागीता जनाउन असहज भएको आयोजनाको लागत सहभागीता बिना कार्य गर्न सकिने व्यवस्था भएको हुँदा उक्त आयोजनालाई लागत सहभागीता बिना निर्माण गराउने निर्णय गरियो ।

५. मर्स्याङ्दी गाउँपालिका भित्र रहेको सार्वजनिक जमिनको उपयोगलाई व्यवस्थित गर्नका लागि कार्यविधि बनाई भाडा लिने निर्णय गरियो । उक्त कार्यविधि बनाउँदा निम्नानुसारका बुँदाहरुलाई आधार मानेर बनाउने निर्णय गरियो ।

- मिति २०७४/१२/०६ को गाउँ कार्यपालिकाको निर्णय अनुसार गाउँपालिकाका उपाध्यक्षको संयोजकत्वमा गठित समितिले दिएको प्रतिवेदनलाई आधार बनाई सम्झौता गर्ने ।
- सम्झौता अवधि ५ वर्षको हुने ।
- भाडादर प्रत्येक आर्थिक वर्ष १० प्रतिशतका दरले बृद्धि गरिने ।
- आ.व. २०७४/७५ का लागि व्यवसायिक प्रयोजनका निम्ति प्रति आना प्रति वर्ष रु १००।००
- आ.व. २०७४/७५ का लागि बसोवासको प्रयोजनको निम्ति प्रति आना प्रति वर्ष रु ५०।००
- सकुम्बासीहरुको निम्ति निः शुल्क प्रदान गर्दै जग्गा धनि पूर्जा उपलब्ध गराउन पहल गर्ने ।

६. आ.व. २०७५/०७६ को योजना तर्जुमा निम्नानुसारको तालिकामा गर्ने निर्णय गरियो ।

- बस्ती भेलाहरु सम्पन्न गर्नुपर्ने - २०७५ जेठ २० सम्म । ( साविक वडालाई एक बस्ती मानि, बस्तीका ईच्छुक सवैलाई सहभागिता गराउने )
- वडा भेला सम्पन्न गर्नुपर्ने - २०७५ जेष्ठ मसान्त सम्म । ( सहभागीता वडाका सवै टोल सुधार समितिका अध्यक्षहरु, सामाजिक संघ संस्थाका प्रमुखहरु )

  - ➢ वडा नं. १ को २०७५ जेष्ठ २२ गते ।
  - ➢ वडा नं. २ को २०७५ जेष्ठ २३ गते ।
  - ➢ वडा नं. ३ को २०७५ जेष्ठ २४ गते ।
  - ➢ वडा नं. ४ को २०७५ जेष्ठ २५ गते ।
  - ➢ वडा नं. ५ को २०७५ जेष्ठ २७ गते ।
  - ➢ वडा नं. ६ को २०७५ जेष्ठ २८ गते ।

- वडा नं. ७ को २०७५ जेष्ठ २९ गते ।
- वडा नं. ८ को २०७५ जेष्ठ ३० गते ।
- वडा नं. ९ को २०७५ जेष्ठ ३१ गते ।

७. गाउँपालिकाको निति ,कार्यक्रम  तथा वजेट गाउँकार्यपालिकामा प्रस्तुत - २०७५ आषाढ १० गते र गाउँसभामा   २०७५ आषाढ १५ गर्ने निर्णय गरियो ।

८. मर्स्याङ्दी गाउँपालिका ७ निवासी बुदराम बि.क. को निवेदन अनुसार निजको छोरा टुकमान बि.क. को रुखबाट खसि हात भाँचिएको र निजको आर्थिक अवस्था निकै नाजुक भएकोले असक्त,असाहय,विपन्न सहायता कोषबाट विनियोजन हुने गरि रु १०,०००।०० आर्थिक सहायता गर्ने निर्णय गरियो ।